"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी ,झापा
## कोशी प्रदेश, नेपाल

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा जामुनबारी, झापा कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४
( कृषि विकास शाखा )

मितिः २०८३-०६-२०
ने.सं.: ११४६ जलागा १० मंगलवार

सुचना नं. :40

माग आवेदन पेश गर्ने सम्बन्धि सूचना
प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२१

प्रस्तुत विषयमा कनकाई नगरपालिकाको चालु आ.व.२०८३/८४ को वार्षिक स्वीकृत प्रदेश सशर्त अनुदानतर्फको तपसिलको कार्यक्रम कार्यन्वयनका लागि यस कनकाई नगरपालिका भित्रका ईच्छुक कृषक/ कृषि फर्म/ कृषि समूह/ सहकारीहरुले यस कार्यक्रममा सहभागी हुन यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र (मितिः २०८३/०६/३० गते सम्म) कनकाई नगरपालिकाको कृषि विकास शाखामा वा सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा माग आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

तपसिलः

कार्यक्रमको नामः प्राङ्गारिक खेति प्रवर्द्धन गर्न प्राङ्गारिक/जैविक मल अनुदान कार्यक्रम

कृषकहरुबाट लागत सहभागिताः २५%

माग गर्न सकिने प्राङ्गारिक तथा जैविक मलहरुः

| क्र.सं. | विवरण |
|---|---|
| १ | धुलो प्राङ्गारिक मल |
| २ | दानादार प्राङ्गारिक मल |
| ३ | गड्यौली मल |
| ४ | जैविक मल |

निवेदनसँग पेश हुनुपर्ने आवश्यक कागजातगरुः

१. आफ्नो नाम, ठेगना र सम्पर्क नं. खुलेको तोकिएको ढाँचाको निवेदन।
२. कृषक समूह, कृषि फर्म, संस्थाहरुको हकमा दर्ता प्रमाणपत्र, स्थायी लेखा नं., र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
३. समूह/संस्थाहरुको हकमा कार्यक्रममा भाग लिन गरेको निर्णयको प्रतिलिपि।
४. आवेदकले खेति गर्ने जग्गाको धनिपुर्जा वा भाडाको जग्गा भए सोही अनुसारको कागजातपत्र।

नोटः कार्यालयमा पेश गर्ने आवेदनको ढाँचा कनकाई नगरपालिकाको कृषि विकास शाखा तथा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ तथा कनकाई नगरपालिको वेबसाईट र फेसबुक पेजमा पनि उपलब्ध छ। रित नपुगी पेश भएका आवेदन उपर कारवाही हुने छैन।

२०८३/०६/२१
[name stamp] सोती
कृषि प्रसार अधिकृत

श्रीमान.........................ज्यू,

कनकाई नगरपालिका,

जामुनबारी, झापा

विषयः आवेदन/प्रस्ताव पेश गरिएको बारे।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यलयबाट मिति २०८३/०६/२१ गते प्रकाशित सूचना बमोजिम प्राङ्गारिक खेति प्रवर्द्धन कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड बमोजिमको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न निम्न बमोजिमको कागजातहरु यसै पत्रसाथ संलग्न गरी तपसिलको परिमाणमा प्राङ्गारिक मलको माग पेश गरेको छु/छौ। मैले/हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगर भित्रै रही कार्य गर्नेछु। पूनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु। साथै लागत सहभागीताको रकम पच्चिस प्रतिशत (२५%) व्यहोर्ने प्रतिवद्धता जनाउदछु।

तपसिल

| क्र.सं. | मलको विवरण | खेती गर्ने क्षेत्रफल(विघा-कठ्ठा-धुर) | खेति गर्ने मुख्य बालीहरु | एकाई (के.जी/मे.टन) | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

स्वघोषणाः यसै प्रकृतिका कार्यका लागि मैले/हामीले यस कार्यालयबाहेक अन्य संघसंस्थाबाट अनुदान लिएको छैन भनी स्वघोषणा गर्दछु/ गर्दछौ। झुट्टा ठहरेमा प्रचलित ऐन कानुन बमोजिम सहने छु/छौ।

निवेदकको नामः.....................

दस्तखतः...............................

मितिः..................................